
२०४५ सालको भूकम्प पछि अस्पतालको नयाँ भवन निर्माण भई २०४७ सालबाट २५ शैयामा सेवा प्रदान गर्न सुरु गरियो । अस्पतालले शल्यक्रिया सेवा पनि सुरु गर्यो ।

२०६७ सालबाट नयाँ अस्पताल विस्तार कार्यक्रम सुरु भई २०७३ सालमा सम्पन्न भयो । हाल यो अस्पताल ५० शैयाको सुविधा सम्पन्न अस्पताल हो ।

**अस्पतालका सेवा र सुविधाहरू**

अस्पतालमा सुविधा सम्पन्न प्रयोगशाला, डिजिटल एक्सरे, ईसीजी, अल्ट्रासाउण्ड, इन्डोस्कोपी सँगै २ ओटा सुविधा सम्पन्न अपरेशन थिएटर रहेको छ ।

**यस अस्पतालले ओपीडी, इमरजेन्सी, जनरल मेडिसिन, हाडजोर्नी, बालकक्ष, मातृशिशु, प्रसूति, पोषण केन्द्र, फिजियोथेरापी** लगायतका सेवा प्रदान गर्दछ । अस्पतालले गरिब तथा असहायहरूको लागि नि:शुल्क उपचार सेवा पनि प्रदान गर्दै आएको छ ।



नेपाल सरकारबाट सञ्चालित आमा सुरक्षा कार्यक्रम, स्वास्थ्य बिमा, खोप कार्यक्रम र टीबी कार्यक्रम पनि सञ्चालन गर्दै आइरहेको छ ।

हामीले हाम्रो शरीरलाई स्वस्थ राख्न सफा र सन्तुलित खाना खानुपर्छ । फोहोर, बासी, सडेगलेका, झिँगा भन्केका खानेकुरा खानु हुँदैन । सकेसम्म बजारमा पाइने तयारी खाना पनि खानु हुँदैन । जाँड, रक्सी, चुरोट, खैनी, सुर्ती आदि सेवन कहिल्यै गर्नु हुँदैन । कठिन काम गर्दा होसियार हुनुपर्छ । बिरामी हुँदा तुरुन्त नजिकको उपचार केन्द्रमा जानु पर्छ ।

**४ तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

क) ओखलढुङ्गा सामुदायिक अस्पताल कहिले स्थापना भएको थियो ?

ख) अस्पतालको प्रारम्भिक नाम के थियो ?

ग) अस्पतालमा कति शैयाको सुविधा छ ?

घ) अस्पतालमा के-के सेवाहरू उपलब्ध छन ?

ङ) हामीले स्वस्थ रहनका लागि के-के गर्नुपर्छ ?

**५. ओखलढुङ्गा सामुदायिक अस्पतालको इतिहास छोटकरीमा लेख्नुहोस् ।**

**६. अस्पतालमा प्रदान गरिने कुनै तीन सेवाको नाम लेख्नुहोस् ।**

**७. परियोजना कार्य:**

विद्यालयबाट अस्पताल भ्रमणको आयोजना गर्नुहोस् । भ्रमणको क्रममा विद्यार्थीहरूले अस्पतालका विभिन्न विभाग, सेवा र सुविधाहरूको अवलोकन गर्दै चिकित्सक वा स्वास्थ्यकर्मीहरूसँग गरिएको कुराकानी समेतलाई समेटेर कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

**८. स्वास्थ्य सम्बन्धी विभिन्न सन्देशहरू (जस्तै, हातधुने तरिका, सफा खाना खाने, व्यायाम गर्ने) को पोस्टर बनाई कक्षामा टाँस्नुहोस् ।**

## तातो आलु खेल

सबै भन्दा पहिले खेलाडीहरुलाई गोलो घेरा बनाएर लाइनमा राख्नुहोस । घेराको बिचमा एक जना खेलाडीलाई आँखामा पट्टि बाँधेर एउटा मादल बजाउन लगाउनुहोस । घेरामा वस्ने खेलाडीको हातमा बल दिनुहोस । त्यो बल प्रत्येक खेलाडीलाई मादल बजुन्जेल सम्म पास गर्दै जान लगाउनुहोस । मादल समय समयमा बजाउन रोक्नुहोस । मादल बजाउन रोकेको समयमा जसको हातमा बल पुग्छ त्यो खेलाडी आउट गराउनुहोस । यसरीनै खेल चलिरहन्छ र अन्तिम सम्म खेल्दै आउट नहुने खेलाडीलाई विजयी गराउनुहोस् ।

## ८.कक्षाका सबै विद्यार्थीहरुलाई चौरमा लैजानुहोस । आवश्यकता अनुसार सहभागी गराउनुहोस र खेल खेलाउनुहोस् ।

## चम्चा गुच्चा खेल

चम्चा गुच्चा खेलमा प्रत्येक सहभागीहरु एउटा निश्चित दूरी जस्तै २५ मिटर टाढा सम्मको दूरीमा सबै प्रतियोगीहरु बराबर लाइनमा उभिई एक साथ मुखमा चम्चा चेपी चम्चामा गुच्चा राखी चम्चाको गुच्चा नखसाईकन जुन खेलाडीले पहिलो निश्चित दूरी अर्थात समाप्ति लाइनमा पुग्छ  त्यही खेलाडीको जीत हुन्छ ।

## तुलसी



तुलसी प्रायजसो हामी सबैको घरमा पाइने झार वर्गको वनस्पति हो । तुलसीको पात, बीउ, फूल, डाँठ, जरा लगायत सम्पूर्ण भाग नै औषधीका रुपमा प्रयोग गरिन्छ । हिन्दु धर्ममा यो वनस्पति भगवान विष्णुको अतिप्रिय विरुवा भएकोले पवित्र वस्तुको रुपमा पूजा गरिन्छ । रुघा, खोकी लाग्दा, ग्याष्ट्रिक, झाडापखाला हुँदा, सर्प लामखुट्टेले टोकेको दुखाइ कम गर्न तथा शक्तिबर्द्धक औषधीका रुपमा तुलसीको प्रयोग गरिन्छ ।

## ४. तलका प्रश्नको उत्तर दिनुहोस् ।

क) घोडताप्रेबाट कस्ता कस्ता रोगहरु निको पार्न सकिन्छ ?

ख) घोडताप्रे कहाँ कहाँ पाइन्छ ?

ग) तुलसीका कुनै ३ वटा उपयोगिता लेख्नुहोस् ।

घ) स्मरणशक्ति बढाउन कुन वनस्पतिको प्रयोग गर्न सकिन्छ ?

## ५. तपाईंको घरमा प्राय प्रयोग हुने ४ वटा जडीबुटीहरुको नाम र तिनका फाइदाहरु लेख्नुहोस् ।

# पाठ-५

# हिन्दु धर्मका संस्कार

## १. तलका प्रश्नहरुबारे छलफल गर्नुहोस् ।

क) तापईंले कहिल्यै कुनै धार्मिक संस्कारमा भाग लिनुभएको छ ? त्यो अनुभव कस्तो थियो ?

ख) तपाईंलाई हिन्दु धर्मका कुन-कुन संस्कारहरू थाहा छ ?

ग) संस्कार किन महत्वपूर्ण हुन्छ ?

## २. तल दिइएको पाठ पढ्नुहोस् ।

हिन्दु धर्म एक प्राचीन र विविध धार्मिक परम्परा हो जसमा विभिन्न प्रकारका संस्कारहरू छन् । संस्कार भनेको जीवनका विभिन्न महत्वपूर्ण क्षणहरूलाई चिन्हित गर्ने धार्मिक विधिहरू हुन् । यी संस्कारहरूले मानिसको जीवनमा नैतिकता, मूल्य, र सामाजिक जिम्मेवारीलाई जोड दिन्छन् ।

### जन्म संस्कार



जन्म संस्कारमा शिशुको जन्म पछि विभिन्न विधिहरू गरिन्छ । जस्तै, नामकरण संस्कार जसमा बच्चालाई नाम दिइन्छ, र अन्नप्राशन संस्कार जसमा बच्चालाई पहिलो पटक अन्न खुवाइन्छ ।

